# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : २ २०८० असोज १५

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**नगर प्रमुख संग कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८०**

# नगर प्रमुख संग कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८०

स्वीकृत मितिः २०८०/०५/१५
प्रकाशित मितिः २०८०/०६/१०

**प्रस्तावनाः** कृषि क्षेत्रको समग्र विकासका लागि खाद्यान्न उत्पादन तथा पशुपालन, उत्पादन व्यवस्थापन, सहकारी, कृषि, सडक, सिचाँइ, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण गर्ने जस्ता जिम्मेवारी स्थानीय तहमा रहेका नगरपालिकामा संविधान र स्थानीय सरकार संचालन ऐन द्वारा व्यवस्था भएको, सविधान र काननू पदत्त अधिकार र जिम्मवारीलाई स्थानीय वस्ति, टोलस्तरमा रहको कृषक, कृषक समुह, संस्था लगायतका सरोकारवालाहरु सँगको समन्वय, सहभागिता र सलग्नतामा हुने कृषि विकास गतिविधिलाई लैङ्गिक, वातावरणमैत्री एवं समानुपातिक र समावेशी बनाई मुल प्रवाहिकरण गर्नका साथै वस्ती/टोल, वडा र स्थानीय तहमा रहेका कृषक, विषेश गररे दलित, जनजातीका अवाश्यकता र प्राथमिकतालाई सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी एकिकृत रुपमा सम्वोधन संचालन तथा व्यस्थापनका लागि संस्थागत विकास गर्न सम्बद्ध कृषकलाई ज्ञान सुचना प्रविधि एवं व्यवसायिकरणको माध्यमबाट कृषि क्षेत्रको समग्र उत्पादन तथा उत्पादकत्वलाई वृद्धि गरी आय र रोजगारीमा वृद्धि गर्न नगरपालिका तहमा कार्यक्रम संचालनका विभिन्न मापदण्ड र्निधारण गरी त्यसका आधारमा गुणस्तरिय सेवा प्रदान गर्न सम्वद्ध सरोकारवाला सबैको क्षमता विकास गरी पहँचु बढाउन, अनुगमन, नियमन र नियन्त्रणको प्रणालीगत विकास गर्न गराउन समेत आवश्यक देखिएकाले नेपालको सविधानको धारा २२६, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ को अधिनमा रही नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छदे-१
## प्रारम्भ

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"छायाँनाथ रारा नगरपालिका नगर प्रमुख संग कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** रहको छ ।

२) छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकाले पारीत गरी राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुने छ ।

# परिच्छदे-२
# परिभाषा

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई बुझाउँदछ ।

(ख) “कानून” भन्नाले संघिय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्दछ।

(ग) “नगरपालिका” भन्नाले छायाँनाथ रारा नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) “नगर सभा” भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले नगर कार्यपालिका सम्झनु पर्दछ ।

(च) “नगर प्रमुख” भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(छ) “उप-प्रमुख” भन्नाले छायाँनाथ रारा नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) “वडा अध्यक्ष” भन्नाले छायाँनाथ रारा नगरपालिका १ देखि १४ वटै वडाका वडा अध्यक्षहरुलाई सम्झनु पर्दछ ।

(ञ) “वडा समिति” भन्नाले छायाँनाथ रारा नगरपालिका नगरपालिकाको १ देखि १४ वटै वडामा रहेको वडा समितिलाई सम्झनु पर्दछ।

(ट) "पदाधिकारी" भन्नाले कार्यपालिकाको प्रमुख, उपप्रमुख वडा अध्यक्ष तथा कार्यपालिकाको अन्य सदस्य सम्झनु पर्छ ।

(ठ) "जिल्ला समन्वय समिति" भन्नाले सविधानको धारा २२० को उपधारा (३) बमाजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले नगरपालिका तथा जिल्ला सभालाई सम्झनु पर्छ ।

(ढ) "कार्यविधि" भन्नाले “छायाँनाथ रारा नगरपालिका नगर प्रमुख संग कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि-२०८०" लाई सम्झनु पर्दछ ।

(ण) "विषयगत शाखा" भन्नाले नगरपालिकामा कृषि क्षेत्रको विकासका लागि स्थापना भएका शाखा, इकाई तथा सेवा केन्द्रलाई जनाउने छ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि नगरपालिकामा स्थापना भएका शाखालाई समेत जनाउने छ ।

(त) “कृषि वा कृषि क्षेत्र” भन्नाले जीवन धान्न र विकास/बृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा जडिबुटि र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरीने विरुवा, पशुपंक्षी, माछा समेत र ढुसी/च्याउ जातको खेती वा पालन र प्रजनन सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउँदछ। यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामाग्री, सिचाँइ यन्त्र र उपकरण, प्राविधिक सेवा र उत्पादित वस्तुहरुको भण्डारण र बिक्रि वितरणको व्यवस्थापन समेत पर्दछन् । कृषि शब्दले बाली, बागवानी आदि कृषिका सबै उपक्षेत्र संग सम्बन्धित उत्पादन, उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ ।

(थ) "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा सलग्न कृषक, उद्यमी र व्यवसायी भन्ने बुझाउदछ।

(द) “सदस्य“ भन्नाले

(१) नगरपालिकाको सम्बन्धमा नगर सभा वा नगर कायपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले नगर सभा वा नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा वडा समितिको प्रमुख र उपप्रमुख लाई समेत जनाउँछ ।

(२) जिल्ला सभाको सम्बन्धमा जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ ।

(३) कृषि समितिको सम्बन्धमा कृषि कार्यक्रम संचालन र व्यवस्थापन गर्न स्थानीय तहमा गठन भएको कृषि समिति तथा उप समितिका संयोजक, उपसंयोजक तथा सदस्यलाई जनाउँछ।

(ध) “समिति" भन्नाले यस कार्यविधिको व्यवस्था अनुसार नगरपालिकामा गठन भएको कृषि विकास समिति तथा उपसमितिलाई जनाउँछ ।

(न) "पहिलो पक्ष" भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्दछ ।

(प) "दोस्रो पक्ष" भन्नाले कृषक/कृषि समूह/सहकारी/फर्म वा अनुदानग्राही सम्झनु पर्दछ ।

(फ) "अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, र औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तिय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक वा वस्तुगत सहायता सम्झनुपर्छ ।

(ब) "अनुदानग्राही" भन्नाले व्यवसायी तथा पोषण सुरक्षाका लागि सामूहिक वा व्यक्तिगत रुपमा खाद्यान्न, तरकारी, फलफुल खेती, पशुपालन तथा मल आदि कार्यालयबाट

अनुदान लिने कृषक/कृषि समूह/सहकारी/फर्म तथा कृषि उद्यमीलाई सम्झनु पर्दछ ।

(भ) "कार्यक्रम" भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन हुने खाद्यान्न, तरकारी तथा फलफुल बाली, पशुपालन, रैथाने बाली प्रवर्द्धन तथा मल अनुदान कार्यक्रम वा माग र सम्भाव्यताको आधारमा आवश्यक कृषि सामाग्री सहुलियत दरमा वितरण गर्ने कार्यक्रम सम्झनु पर्दछ ।

(म) "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको विस्तृत कार्य योजना सहितको विवरणलाई सम्झनु पर्दछ ।

(य) "सेवाग्राही" भन्नाले कृषि प्रवर्द्धनको लागि कार्यालयबाट अनुदान सहयोग लिने अनुदानग्राही तथा पोषण सुरक्षाका लागि कार्यालयबाट कृषिजन्य सहुलियत प्राप्त गर्ने कृषकलाई सम्झनु पर्दछ ।

(र) "सहकारी" भन्नाले कृषि व्यवसाय प्रवर्द्धनमा टेवा पुर्याउने किसान सहकारी, कृषि सहकारी, दुग्ध सहकारी, चिया कफि सहकारी लगायतका सहकारीलाई सम्झनु पर्दछ ।

(ल) "रासायनिक मल" भन्नाले युरिया, डि.ए.पोटास लगायत कृषि उत्पादनमा सहयोगी हुने मललाई सम्झनु पर्दछ ।

(व) "बर्षे फलफुल" भन्नाले असार-श्रावण महिनामा रोपण गरिने फलफुलका विरुवा सम्झनु पर्दछ ।

(श) "हिँउदे फलफुल" भन्नाले पुष-माघ महिनामा रोपण गरिने फलफुलका विरुवा सम्झनु पर्दछ ।

(ष) "कृषि सामाग्री" भन्नाले खाद्यान्न, तेलहन, दलहन, मसला बाली, नगदे बाली तथआ तरकारी बाली, बिउ, हिउदे तथा बर्षे फलफुलका विरुवा, प्लाष्टिक टनेल, सिंचाई पाइप, सिंचाई मोटर, पम्मसेट, मेशीनरी औजार, उपकरण, रासायनिक मल वा जैविक मल, मैरी घार, च्याउ बिउ, विसादी, बेर्ना, जैविक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व लगायत कृषि प्रवर्द्धनमा तथा उत्पादन कार्यमा सहयोग पुर्याउने सामाग्रीलाई सम्झनु पर्दछ।

(स) "जैविक मल" भन्नाले प्राङ्गारिक मल्ल, भर्मी कम्पोष्ट मल, आदि लाई सम्झनु पर्दछ ।

(ह) "व्यवसायिक तरकारी खेती" भन्नाले एक रोपनी भन्दा बढी क्षेत्रफलमा लगाइएको तरकारी खेतीलाई सम्झनु पर्दछ ।

(क्ष) "पोषण सुरक्षष" भन्नाले दैनिक आफनो घर परिवारमा उपभोग हुने खाद्यान्नमा प्रयोग हुने खाद्य सामाग्री उत्पादनको लागि पालन गरिएको पशुपंक्षी पालन, लगाइएको फलफुल विरुवा, तरकारी बाली खाद्यान्न बालीलाई सम्झनु पर्दछ ।

(त्र) "पकेट क्षेत्र" भन्नाले उत्पादनको अनुकुल हेरी कृषि अध्ययनबाट क्षेत्रगत उत्पादनको लागि तोकिएको विशेष उत्पादन क्षेत्रलाई सम्झनु पर्दछ ।

## परिच्छदे-३
## उद्देश्य, नीति तथा रणनीति

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन ।

(क) नगरपालिकामा कृषि विकास कार्यक्रमलाई प्रणालीगत रुपमा संचालन र व्यवस्थापन गर्न गराउन र त्यसको रेखदेख, समन्वय र नियमन गर्न गराउन र त्यसको संस्थागत व्यवस्था गर्न स्थानीय तहका सरकारलाई विषयगत प्राविधिक सहयोग पुर्‍याउन ।

(ख) नगरपालिकामा वस्तिस्तर देखि नै कृषकको आवश्यकता र प्राथमिकता बमोजिम तिनीहरु कै सलग्नता र सहभागितामा कृषि विकास कार्यक्रमको सहभागितात्मक योजना तर्जुमा पद्धति अवलम्बन गर्न प्रोत्साहित गर्न ।

(ग) नगरपालिकामा विभिन्न सरकारी, गैरसरकारी, विकास साझेदार, वित्तीय संस्था, सहकारी तथा निजी क्षेत्रबाट संचालन हुने कृषि विकास कार्यक्रमलाई दोहोरो नपर्ने गरी एकिकृत रुपमा संचालन र व्यवस्थापन गर्न र अन्य विभिन्न कार्यक्रम बीच परिपूरकता कायम गर्न गराउन स्थानीय सरकारलाई सहयोग पुर्याउन ।

(घ) नगरपालिकामा कृषि सम्बन्धी नयाँ प्रविधि अवलम्बन गरी/गराई उत्पादन र उत्पादकत्व वृद्धिका लागि व्यवसायिक खेति प्रणाली अवलम्वन गर्न गराउन स्थानीय सरकारलाई सहयोग पुर्याउने ।

(ङ) नगरपालिका तहमा समावेशी, लैङ्गिक एवं वातावरण मैत्री र जलवायु परिवर्तन अनुकुलन व्यवस्थापन गर्न सघाउ पुर्याउन ।

(च) नगरपालिका तहमा सबै सरोकारवाला कृषक, समुह, संस्था, अगुवा कृषक, कृषि प्राविधिक, कृषि कार्यक्रम संचालन र व्यवस्थापन गर्न गराउन क्षमता विकासमा सहयोग पुर्याउन ।

(छ) नगरपालिका तहमा कृषि सम्बन्धि विभिन्न मापदण्ड, नर्मस तयार गरी गुणस्तर कायम गर्न गराउन ।

## ४. उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने निति र रणनिति

(क) कृषि प्रणालीको सभाव्यता अनुसार नगरपालिका तहमा प्रमुख उत्पादन हुने कृषि खेति प्रणालीको पहिचान गरी नगरपालिका वस्ति अथवा पकेट क्षेत्रमा सोही बाली वा खेतिलाई प्रोत्साहन गर्न उन्नत ज्ञान, सिप, नयाँ प्रविधि, उन्नत विउ बिजन, कृषि सामग्री (जैविक, रासायनिक), सिंचाई सुविधा, संस्थागत कर्जा, कृषि औजारको प्रयोगलाई प्रवर्द्धन गर्न गराउन सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट समेत प्राविधिक सहयोग परिचालन गरिने ।

(ख) नगरपालिका तहमा कृषि विकास कार्यक्रमलाई एकद्धार प्रणाली अवलम्बन गरी संचालन गर्न गराउन र सरोकारवाला सबै संग समन्वय गरी कार्यक्रम संचालन र व्यवस्थापन गर्नका साथै नगरपालिकामा कृषि विकास समिति यस कार्यविधिको दफा ७ को उपदफा (२) बमोजिम गठन गरी त्यस समितिको काम, कर्तव्य र जिम्मेवारी स्पष्ट गरिने ।

(ग) नगरपालिका तहमा सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको संस्थागत सदृढिकरण, कृषि विकास कार्यक्रमको, अन्य विषय क्षेत्र अन्तर्गत संचालन हुने योजना कार्यक्रमसंग अन्तरसम्बन्ध स्थापनाबाट परिपूरकता कायम गरी एकिकृत योजना प्रक्रिया अवलम्बन गर्न सरोकारवाला बिच पारस्परिक साझेदारीको विकास गरिने रणनीति अवलम्वन गरिने ।

(घ) कृषि कार्यक्रमलाई वडा र वस्ति तहमा निक्षेपित वा प्रत्यायोजित गरिनुका साथै नगरपालिका तहमा संघीय वा प्रदेश स्तरका कार्यक्रमहरुसंग पनि समन्वय गरी संचालन गरिने ।

(ङ) नगरपालिका स्तरमा कृषि क्षेत्रमा देखिएको कृषि जनशक्तिको कमीलाई सम्बोधन गर्न विभिन्न उत्प्रेणात्मक कार्यक्रम संचालन गरी कृषि पेशामा श्रमिक आकृर्षित गरिने।

(च) नगरपालिका तहमा खेतीको लागि उपयुक्त जग्गालाई बाझो राखी राखे कार्यलाई दुरुत्साहित गर्न उपयुक्त जग्गा कर प्रणाली लागु गरी जग्गाको प्रयागलाई प्रोत्साहन गरिने ।

(छ) जग्गा विहिन तथा अति कम खेतीयोग्य जमिन भएका किसानलाई लामो अवधिको लागि जग्गा पट्टा उपलब्ध गराउन नगरपालिकाले नीति र कानून बनाई बाझो जमिन वा प्रयोग नभई खाली रहेको जग्गाको प्रयोगलाई बढावा दिन प्रोत्साहित गरिने ।

(ज) राष्ट्रिय, प्रादेशिक अनुसन्धानबाट देखिएको नतिजालाई कृषक सम्म पुर्याउन विशेष सीप, ज्ञान र प्रविधि हस्तान्तरणमा स्थानीय कृषक अगुवा, कृषि विद्यालय लगायतको शैक्षिक जनशक्तिलाई समेत सहजिकरणका लागि परिचालन गरिने ।

(झ) नगरपालिका तहले सम्बद्ध पकेट क्षेत्र प्राथमिकता दिने कार्यक्रम संचालन गर्न गराउन विशेष पहल गर्ने नीति लिइने र त्यसका लागि आवश्यक प्रवद्धर्न, सामाग्रीको विकास गरिने छ ।

## परिच्छेद-४
## कार्यक्षेत्र

**५. विषयगत कायक्षेत्रः** यस कर्यविधिमा देहायका विषयगत समावेश हुने छनः

(क) नगरपालिकामा कृषि विकास कार्यक्रम संचालन र व्यवस्थापन गर्न संस्थागत संयन्त्र, त्यसको नगरपालिकाको साथै अन्य सरोकारवाला सबै संगको अन्तरसम्बन्ध स्पष्ट हुने ।

(ख) नगरपालिकामा सहभागिता मूलक कृषि कार्यक्रमको एकिकृत कार्यक्रम र बजेट तर्जुमाका चरण र प्रक्रिया प्रस्तुत गरिनका साथै अन्य क्षेत्र सँगको अन्तर सम्बन्ध समेत स्पष्ट हुने ।

(ग) नगरपालिकामा अख्तियारी र रकम प्रवाह प्रक्रियाको विधि र प्रक्रिया स्पष्ट हुने।

(घ) कृषि कार्यक्रम संचालनका विभिन्न मापदण्ड, नर्मसका साथै गुणस्तर कायम गर्न नियमन तथा अनुगमन र मुल्याङ्कन प्रणाली विशेष गररे परिमाणमा आधारित मापन प्रणाली स्थापित गरिने उपाय समेटिने ।

(ङ) कृषि कार्यक्रमलाई समावेशी, लैङ्गिक र वातावरण मैत्री, सिमान्तकृत र भौगोलिक वञ्चिति, जलवायु परिवर्तन अनूकुलन र यान्त्रिकरण गरिने विषय समावेश गरिने ।

(च) छायाँनाथ रारा नगरपालिकामा कृषि व्यवसायिकरण गरी कृषि व्यवसाय प्रवर्द्धनका लागि सघाउ पुर्याउने ।

(छ) कृषिलाई सन्निकटताको सिद्धान्त बमोजिम संचालन र व्यवस्थापन गर्न संघ, प्रदेश तथा स्थानीय नगरपालिकाले कृषक समुह तथा वडा स्तर सम्म अधिकारको निक्षेपण, प्रत्यायोजनको पद्धति स्पष्ट गरिने ।

## परिच्छेद ५
## कृषि कार्यक्रम संचालन र व्यवस्थापनका लागि संस्थागत संरचना

**६. कृषि कार्यक्रम संचालन र व्यवस्थापनका लागि संस्थागत संरचनाः** (१) छायाँनाथ रारा नगरपालिकाले आफ्नो क्षेत्रको आवश्यकता र प्राथमिकता हेरी कार्य संचालन गराउन निम्न कार्यहरु गर्ने

(क) छायाँनाथ रारा नगरपालिकाले कृषि विषय हेर्नको लागि कृषि विकास उपशाखा स्थापना गर्ने ।

(ख) छायाँनाथ रारा नगरपालिकाले निर्धारण गरेको कार्य जिम्मेवारीको दायरा तथा संघिय, प्रदेश तहबाट प्राप्त जिम्मेवारीलाई निर्वाह हुन सक्ने गरी संरचना स्वीकृत गरी कार्य संचालन गर्ने ।

(ग) संगठन संरचना तयार गर्दा आफूले नगरी नहुने कार्यका लागि मात्र न्युनतम स्थायी दरवन्दी श्रृजना गर्ने र अन्य कार्य करारबाट वा निजि क्षेत्र वा अन्तराष्ट्रिय वा राष्ट्रिय गैरसरकारी संस्था वा उत्कृष्ट अगुवा कृषक वा कृषि विश्वविद्यालयबाट प्राविधिक लिई प्राविधिक सहयोग जुटाउने रणनिती तय गर्ने ।

(घ) छायाँनाथ रारा नगरपालिकाको कृषि उत्पादन, बजारीकरण र व्यवसायिकरणको स्थानीय नीति र रणनीति तय गर्ने ।

(ङ) छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र कुनै वडा ग्रामिण प्रकृतिको भए उत्पादनको विशिष्टताका आधारमा त्यस विषयको विज्ञको ज्ञान, सिप भएका जनशक्तिको चयन गर्न सकिने भौगोलिक क्षेत्र वा खेती योग्य जमिन र जनसख्या हेरी उक्त वडा वा दुई वडाको संयूक्त शाखाको रुपमा कार्य गर्ने गरी उक्त पालिका अन्तर्गत शाखा स्थापना गरी कृषि व्यवसायिक खेतिलाई प्रश्रय पुग्ने गरी सभाव्यता बमोजिम उत्पादनमा विशेष जोड दिईने छ ।

(च) छायाँनाथ रारा नगर र छिमेकी गाउँपालिकासँग सम्बन्ध विकासमा विषेश जोड दिन स्तर अनुसार मुल्य निर्धारण, गुणस्तर, निर्धारण र नियमनमा विषेश ध्यान दिइने छ।

(छ) स्थानीय हाट बजारको व्यवस्था गरी सोको नियमन गर्ने ।

(ज) नगर क्षेत्रमा कृषि मल, वीउ, कृषि समाग्री र उपजको मागको आंकलन गरी आपतिको व्यवस्था समय मै मिलाउन प्रदेश र संघिय सरकार सँग समन्वय गर्ने र नगरपालिका भित्र सहज बेचबिखनका लागि एग्रोभेट वा सहकारीहरुको पनि क्षमता विकास गर्ने।

(झ) कृषि व्यवसाय सम्वद्ध सबै व्यक्ति, फर्म, संस्थाको लागत तयार गर्न र दर्ता गरेर मात्र व्यवसाय संचालन गर्न दिने र त्यसको मापदण्ड बमोजिम काम गरे नगरेको अनुगमन, नियमन र नियन्त्रण गर्ने ।

(ञ) नगरपालिका क्षेत्रमा उक्त कार्यका अलावा स्थानीय तहका लागि ऐनद्वारा निर्धारण गरेका काम गर्न गराउन प्रमुखले कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको अधिनमा रही कुनै सदस्यको संयोजकत्वमा नगर स्तरीय कृषि विकास समिति गठन गर्ने ।

## परिच्छेद ६
## कृषि विकास समितिको गठन, काम, कर्तव्य र अधिकार

**७. नगरपालिका स्तरीय कृषि विकास समितिको गठनः** (१) नगरपालिका क्षेत्रमा कृषि विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन आवश्यक कार्यक्रम तर्जुमा, स्थानीय कृषि विकासका निती नियम, कार्यविधि, मापदण्ड निर्धारण तथा कार्यक्रमप्रति जनप्रतिनिधिहरुको जवाफदेहिता सुनिश्चित गर्न छायाँनाथ रारा नगरपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन नियमावलीको अधिनमा रही नगरपालिकाले देहाय बमोजिमको सदस्य रहने गरी नगर कृषि विकास समिति तथा वडा कृषि विकास समिति गठन गर्नेछ ।

(२) नगरपालिका स्तरीय कृषि विकास समितिको गठनः नगरपालिका क्षेत्रमा कृषि विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन, कार्यक्रमको छनौट तथा अनुगमन गर्न देहाय बमोजिमको सदस्य रहने गरी नगर कृषि विकास समिति गठन गर्नेछ ।

(क) नगरपालिकाको प्रमुख वा प्रमुखले ताकेको नगरपालिकाको सदस्य -सयोजक
(ख) नगर उपप्रमुख -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) नगरपालिका प्रमुखले ताकेको नगरपालिकाको महिला सदस्य -सदस्य
(ङ) नगरपालिका प्रमुखले तोकेको नगर कार्यपालिकाको दलित सदस्य -सदस्य
(च) नगरपालिका योजना शाखा प्रमुख -सदस्य
(छ) नगरपालिका भित्र कृषि सम्वद्ध कार्य गर्ने गैर सरकारी संस्थाहरु मध्येबाट एक जना पतिनिधि -सदस्य
(ज) नगरपालिका भित्रका उत्कृष्ट कृषक समहू मध्येबाट सबैको प्रतिनिधित्व हुने गरी एक जना महिला सहित दुई जना अगुवा कृषक -सदस्य
(झ) नगर प्रमुखले तोकेको नगर स्थित वित्तिय एवं कृषि सहकारी संस्थाका महिला प्रतिनिधि -सदस्य
(ञ) नगरपालिकाको पशु सेवा शाखा वा ईकाइका प्रमुख -सदस्य
(ट) नगरपालिकाको कृषि विकास शाखा वा ईकाइका प्रमुख -सदस्य सचिव
(ठ) समितिको सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ, एउटै व्यक्ति लगातार २ पटक भन्दा बढी एउटै पदमा रहन पाउने छैन ।

यस नगरपालिकामा कृषिको क्षेत्रमा सहयोग एंव सहकार्य गर्ने दातृ निकास तथा संघ संस्था र नगरपालिकाको गुणस्तर नियन्त्रण, बजार व्यवस्थापन तथा कृषि सँग सम्बन्धित विशेषज्ञ वा अनुभवी कृषक, कृषि क्षेत्रमा उत्कृष्ट योगदान पुर्याउने व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ ।

## ८. नगरपालिकामा कृषि विकास समितिको काम, कर्तव्य, अधिकार, जिम्मवारी र उत्तरदायित्वः

(१) **समुह गठन र परिचालनः** प्रत्येक वडा कार्यालय अन्तर्रगतका बस्तिमा आवश्यकता अनुसारका व्यवसायिक कृषि समुह, संस्था गठन गर्न प्रोत्साहन गर्नेछ र समुह विगतमा गठन भएको उत्कृष्ट कृषि समुहहरुको लगत अध्यावधिक गरी राख्ने । समुह गठन गर्दा महिला, पुरुष वा मिश्रित जुन उपयुक्त हुन्छ सोही अनुसार समुह पर्दछ गतिशिलता र व्यहारिकता हेरी गठन गर्नु । सकेसम्म उत्पादन विशेषका आधारमा समुह गठन गर्न उत्प्रेरित गर्नुपर्ने र एउटा समुहको व्यक्ति सकेसम्म अर्को समुहको सदस्यता नलिने ।समुह-समुह मिलेर सहकारी संस्थाको गठन भएको निकै प्रभावकारी देखिएकाले यस्ता समुहहरुलाई सहकारी संस्थामा आवद्ध हुन समेत उत्प्रेरित गर्ने । समुह वा संस्थालाई वडा कार्यालयमा दर्ता समेत गरी राख्ने र अनुदान वा कृषि सामाग्रीको माग संकलन र वितरण पनि यस्ता समहू वा संस्था मार्फत गर्न सकिने छ । कृषि समितिले वडागत र कार्य प्रगतिगत रुपमा यस्ता समहू वा संस्थाको अभिलेख स्पष्ट रुपमा राख्नुपर्दछ ।यसरी गठन भएका समुहको विधान लगायत बैठक बस्ने, माइन्यूट राख्ने, बचत परिचालन गर्ने भए त्यसको विधि र प्रक्रियामा समेत समितिले आवश्यक सहयोग समेत पुर्याउने।यस्ता कृषक समूहलाई समूहको विशेषतानुसारको तालिम, अवलोकन भ्रमण, प्रोत्साहन पुरस्कार जस्ता कार्यक्रम संचालन गरी तिनको क्षमता विकासका साथै कार्यमा उत्प्रेरित समेत गराई राख्नपर्ने छ । सरकारी वा गैर सरकारी तहबाट ती समुहलाई उपलब्ध गराइने श्रोत साधन, औजार, उपकरण, मल, बीउ बिजन, बाखा, कखुरा आदि बारे समेत जानकारी दिई समयमै माग सकलन गरिने ।यदि स्थानीय तहले स्थानीय स्तरमा नै त्यस्ता उन्नत वीउ विजन उत्पादन गर्ने कार्यक्रम रहेछ र ती समुहहरुले बीउबिजन विक्री गर्न चाहेमा स्थानीय खरीद नीति समेत तय गरी खरिद कार्य समेत गरी कृषकलाई प्रोत्साहित गर्नु पदर्छ।

(२) **स्थानीय कृषि श्रोत व्यक्तिको रुपमा अनुभवी अगुवा कृषकको छनौट र सलग्नताः** स्थानीय स्तरमा खेतिपाति, तरकारी खेति, पशुपालन, फलफुल खेति, माछ्रापालन, कखुरा पालन आदी कार्यमा व्यवहारिक ज्ञान आर्जन गरेका कृषकहरुको ज्ञान, अनुभव र सीपलाई अन्य कृषकहरुमा पनि कृषकबाट कृषकमा व्यवहारिक रुपमा

आदान प्रदान गर्न त्यस्ता उत्कृष्ट अनभवी कृषकलाई समितिले छनौट गरी तालिम समेत प्रदान गर्ने ।

(क) यसरी तालिम प्राप्त उत्कृष्ट अनुभवी कृषकलाई कृषि प्रसार कार्यक्रममा सलग्न गराउने नीति लिइने छ ।

(ख) उत्कृष्ट अनुभवी कृषकलाई CTEVT बाट थप सीप आर्जनको अवसर समेत दिइ मान्यता दिइने छ ।

(ग) नगरपालिका क्षेत्रमा विभिन्न कृषक समुहमा आवद्धता जनाउने संस्थागत व्यवस्था गरिने छ ।

(घ) किसान देखि किसान प्रसार गर्न स्थानीय भाषा तथा परिचित व्यक्तिबाट सीप, ज्ञान प्राप्त गर्न सहज, कम खर्चिलो र समयमा उपलब्ध हुनका साथै दीगो समेत हुने देखिएकोले किसान देखि किसान कार्यक्रमलाई संचालन, व्यवस्थापन र प्रोत्साहित गर्ने नीति लिइने छ ।

**(३) स्थानीय एग्रोभेटको छनौट र सलग्नताः**

(क) स्थानीय तहमा निजी क्षेत्रको सलग्नता बढाउन स्थानीय तहमा एग्रोभेटहरु स्थापना गर्नका लागि प्रोत्साहन गरिनेछ र तिनिहरुलाई तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ।

(ख) नगरपालिकामा दर्ता गराई वीउ, विजन, औषधि, स-साना कृषि उपकरण सहज उपलब्ध गराउने व्यवस्था गरिनेछ।

**(४) स्थानीय कृषि सहकारी संस्थाको परिचालनः**

(क) स्थानीय तहमा उत्पादन मुलक, बजार मुलक, सेवा मुलक र निकासी मुलक, बचत तथा कर्जा सहकारीमा वर्गिकरण गरी तिनलाई स्थानीय तहमा इजाजत दिने र तदनुसारका सेवा स्थानीय तहमा कृषकहरुलाई दिने गरी सहजीकरण गर्ने गराउने ।

**(५) कृषिको थोक तथा खुद्रा व्यापार प्रर्वद्धन गराउनेः**

(क) एक वा एक भन्दा बढी स्थानीय तह मिलेर कृषिको थोक र खुद्रा व्यापार प्रर्वद्धन गर्ने नीति लिइने छ र यसमा प्रदेश तथा संघीय सरकारको प्राविधिक तथा आर्थिक सहयोग समेत जटाइने छ ।

(ख) कृषकलाई उचित मूल्य प्रदान गरिनुका साथै उपभोक्तालाई पनि विचौलियाको जथाभावी मूल्यबाट जागाउने मूल्य नीति तर्जुमा गरि लागु गरिने छ ।

(ग) नगरपालिका क्षेत्रमा खाद्यान्न तथा पशु हाट बजार, चिस्यान केन्द्र, राष्ट्रिय र अन्तराष्ट्रिय निकासीको व्यवस्था समेत गर्न राष्ट्रिय बजारसंग आबद्ध गराउन स्थानीय सरकारलाई सहयोग पुर्याउने छ ।

(घ) सरकारी क्षेत्रबाट मात्र यी कार्य सम्भव नहुने हुदाँ सरकारी निजी र वित्तीय क्षेत्रको समन्वय र साझेदारीमा यस्ता कार्य अगाडि बढाउन नेपाल सरकार र प्रादेशिक सरकारले समेत सहजिकरणका लागी नगरपालिका मार्फत समन्वय स्थापित गरिने छ ।

**(६) कृषि विद्यालय र कृषि अनुसन्धान केन्द्रहरुको प्राविधिक सहयोग जुटाउनेः**

(क) नगरपालिकामा CTEVT बाट सम्बन्धन प्राप्त कृषि विद्यालयहरुसगं दिर्घकालीन सम्बन्ध स्थापना गरिने छ ।

(ख) विद्यालयका विद्यार्थीहरुलाई कृषक समुहसगं आबद्ध गराई प्रविधि स्थानान्तरणमा प्राविधिक सहयोग पुर्याउनका लागि संस्थागत रुपमा ती विद्यालयसगं साझेदारी सम्झौता गर्न मस्यौदा तयार गरी सम्बन्धित कार्यपालिकामा पेश गरी ती विद्यालयको औपचारिक सम्बन्ध स्थापित गराउने कार्यमा सहयोग पुर्याइने छ।

(ग) यस कार्यमा आवश्यक देखिए स्थानीय शिक्षा शाखालाई समेत आवद्ध गराई कार्य अगाडि बढाउन सकिने छ ।

(घ) त्यस्तै राष्ट्रिय एवं प्रादेशिक अनुसन्धान केन्द्रहरु संग पनि सहकार्यको लागी सहकार्यको ढाँचा तयार गरी स्वीकृत उन्नत प्रविधि र विउ विजनहरु कृषकको थलोमा प्रदर्शन गराउन समेत सहजिकरण गरिने छ ।

**(७) कृषि प्रचार प्रसारका अन्य कार्यक्रमहरु संचालन गर्नः**

(क) दिगो कृषि विकासका लागि गर्नुपर्ने कार्य र अपनाउनु पर्ने प्रक्रियाहरु तथा नयाँ वा आधुनिक प्रविधिको प्रचार प्रसार गर्नका लागि आवश्यक निति अवलम्बन गर्नपर्ने ।

(ख) कृषि प्रचार प्रसारका लागि स्थानीय कृषि उत्पादन, कृषि सामाग्री तथा आजार, आधुनिक कृषि प्रणाली आदि समेटने गरि बार्षिक रुपमा कृषि मेला प्रर्दशन गरिनेछ ।

**(८) वडामा संचालन हुने कृषि कार्यक्रमलाई स्थानीय कृषिक समुह, सहकारी, अगुवा वा अन्य सरोकारवालाहरु संग अन्तरक्रिया गरी देहाय बमोजिमको वर्गिकरणका आधारमा वडा समितिमा प्रस्तुत गर्नेः**

(क) स्थानीय कृषक समुह, संस्था, सहकारी संस्था, उपभोक्ता समुह, गरै सरकारी संस्था वा कृषकको आफ्नै श्रोतबाट संचालन हुने कार्यक्रम

(ख) सम्बन्धित नगरपालिकाको लागत सहभागितामा संचालन हुने कार्यक्रम

(ग) नगरपालिकाको आफ्नै श्रोतले संचालन हुने कार्यक्रम

(घ) प्रदेश वा सघीय सरकारको अनुदानबाट संचालन हुने कार्यक्रम

(ङ) प्रदेश वा सघीय सरकारबाट स्थानीयतहको समन्वयमा संचालन हुने कार्यक्रम

(च) विकास साझेदारसंगको सहकार्यमा संचालन हुने कार्यक्रम

(छ) निजी क्षेत्र संगको साझेदारीमा संचालन हुने कार्यक्रम, र

(ज) अन्य कुनै किसिमबाट संचालन हुने कार्यक्रम ।

**(९) कृषि क्षेत्र विकास विस्तार र प्रवर्द्धनात्मक कार्यः**

**(९.१) अनुभवी अगुवा किसान प्रवर्द्धन कार्यक्रम**

(क) उद्यमी किसान तथा अनुभवी अगुवा किसानका लागि क्षमता विकासका कार्यक्रम संचालन गर्ने र तिनको सीप, ज्ञान, अनुभवलाई पहचुँ नपुगेका कृषकसम्म पुर्याउने

(ख) यसरी स्थानीय सीप, ज्ञान र अनुभवलाई कृषक समक्ष पुर्याउने सम्बन्धमा समितिले नर्मस, मापदण्ड तथा ज्याला दर रेट तयगरी सम्बन्धित नगरपालिकाबाट पारित गराई लागु गर्ने गराउने

**(९.२) उत्तम अभ्यासको संचार, सिकाई प्रवर्द्धन कार्यक्रम**

(क) कृषि कार्यको उत्तम अभ्यासको आदान प्रदान, प्रचारप्रसार (मेला, प्रदर्शनी, अवलोकन भ्रमणको) आयोजना गर्ने

(ख) एक गाउँ, टोल, बस्ति एक उत्पादनको कार्यक्रमलाई प्राथमिकता प्रदान गर्ने

(ग) व्यवसायिक कृषि र प्रविधि र यसको तुलनात्मक लाभको व्यापक प्रचार प्रसार गर्ने

(घ) कृषि सूचना केन्द्र, इ-कृषि प्रविधिको विकास बारे नगरपालिकालाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने

**(९.३) कृषि मलः**

(क) माटो सुधार, प्राङ्गरिक पदार्थ व्यवस्थापन, प्राङ्गरिक एवं कम्पोष्ट मल, कृषि चुनाको प्रयोग तथा भकारो सुधार र दिगो कृषि विकास गतिविधि संचालन गर्ने

**(९.४) तरकारी खेती प्रवर्द्धन र विकासः**

(क) व्यवसायिक तथा बेमौसमी तरकारी खेति प्रवर्द्धन गर्नको लागि हरित गृह, प्लाष्टिक घरको प्रयोगमा व्यापकता दिने र स्थानीय परिस्थिति अनुसारका तरकारी खेतिलाई प्रोत्साहन गर्ने, तरकारी खेतिमा नविनतम प्रविधिको जानकारी गराउने कृषकलाई सीप, प्रविधि, ज्ञान, अनुभवलाई हस्तान्तरण गर्ने।

(ख) स्थानीय सभाव्तताका आधारमा काउली, बन्दा, टमाटर, धनियाँ, मुला, काँक्रो, फर्सि, आलु, घ्यू करेला, तिते करेला, स्कूस, बोडी, भन्टा,

कर्कला, पिडालु जस्ता तरकारी खेतिलाई व्यवसायिक रुपमा उत्पादन बढाउने र बजारीकरणमा सहयोग पुर्याउने कार्यक्रम संचालन गर्ने ।

(ग) तरकारी खेतीलाई स्वस्थ रुपमा उत्पादन गर्नको लागि आई.पि.एम. तथा कृषिक पाठशाला पद्धति अवलम्बन गर्न प्रोत्साहन गर्ने ।

(घ) बाली उपचार शिविर कार्यक्रम संचालन गर्ने ।

(ङ) स्थानीय सभाव्यतानुसार मौसमी तथा बेमौसमी तरकारी खेतिको लागि तरकारीको वीउ, प्राङ्गारिक विषादी लगातका तरकारी खेतीलाई आवश्यक पर्ने कृषि समाग्रीहरु कृषकहरुलाई ५० देखि १०० प्रतिशतसम्म अनुदानमा उपलब्ध गराउने ।

**(९.५) फलफूल खेतिको प्रवर्द्धन र विकास कार्यक्रम**

(क) नगरपालिकालाई आवश्यक पर्ने फलफूलको नर्सरी स्थापना गर्ने साथै उक्त नर्सरीलाई श्रोत केन्द्रको रुपमा विकास गर्ने

(ख) स्थानीय सभाव्यताका आधारमा स्याउ, सुन्तला, कागति, आरु, किवि, नासपाति, आरु बखडा, कुलम, काफल, ऐंसेलु आदि जस्ता फलफूल खेतिलाई व्यवसायिक रुपमा उत्पादन बढाउने र बजारीकरणमा सहयोग पुर्याउने कार्यक्रम संचालन गर्ने ।

(ग) फलफूलको बोट बिरुवा उपचार शिविर कार्यक्रम संचालन गर्ने ।

(घ) स्थानीय सभाव्यतानुसार मौसमी तथा बेमौसमी फलफुल खेतिको लागि फलफुलको बिरुवा, प्राङ्गारिक विषादी लगातका फलफूल खेतिकोलागि आवश्यक पर्ने कृषि सामाग्री, फलफुलको विरुवाहरुमा कृषकहरुलाई प्रोत्साहन स्वरुप ५० देखि १०० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने।

**(९.६) खाद्यान्न तथा नगदेबाली प्रवर्द्धन कार्यक्रम**

(क) स्थानीय सभाव्यतानुसार धान खेति प्रविधि, मार्से धान खेती, उन्नत गहुँ, मकै, कादो, फापर, तिनो, काउनो आदिको प्रवर्द्धन र विकास गर्ने किसिमका कार्यक्रम संचालन गर्ने ।

(ख) नगदेबाली प्रवर्द्धन (अदुवा, बेसार, लसुन, प्याज, मेथी, धनिया आदि) विकास तथा व्यवसायिकरण गर्ने कार्यक्रम संचालन गर्ने ।

(ग) मौरी, कन्ये, सिताके, गोर्बे च्याउको व्यवसायिककरणको लागि आवश्यक कार्यक्रम संचालन गर्ने ।

(घ) उन्नत जातका वीउ बिजन उत्पादन तथा प्रवर्द्धन नर्सरी स्थापना र सुदृढिकरण (खाद्यान्न, तेलहन, दलहन, तरकारी, भुई घाँस, डाले घाँस, फलफूल आदि) गर्ने गराउने ।

(ङ) खाद्यान्न तथा नगदेबाली उपचार शिविर कार्यक्रम संचालन गर्ने ।

(च) स्थानीय खाद्यान्न बाली तथा पकेट क्षेत्रको (सिमि जोन आदि) संरक्षण, प्रवर्द्धन र विकास गर्ने किसिमका कार्यक्रम संचालन गर्ने । पकेट क्षेत्रको व्यस्थापनमा विशेष ध्यान दिई सोको संरक्षणको लागि जोड दिने

(ङ) खाद्यान्न तथा नगदेबालीको प्रवर्द्धन र विकासको लागि वीउहरु, प्राङ्गारिक विषादी लगातका आवश्यक पर्ने कृषि समाग्रीहरुमा कृषकहरुलाई प्रोत्साहन स्वरुप ५० देखि १०० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने।

**(९.७) दुग्ध तथा माछा, मासु उत्पादन व्यवसाय प्रवर्द्धन कार्यक्रम**

(क) स्थानीयतहमा नै छायाँनाथ रारा नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०८० को अधिनमा रहि माछा पालन (असला, झिंगे, ट्राउट आदि), मासु उत्पादन (कुखुरा फर्मको सञ्चालन, बाख्रा पालन, भेडा पालन, संञ्चालन तथा व्यवस्थापन), दुग्ध तथा दुग्ध जन्य सामाग्री (दुध, घ्यू, पनिर, दहि, मही, छुर्पी, बटर उत्पादन आदि), चौरी गाई, गाई, भैंसी पालन आदिको प्रवर्द्धन र विकास गर्ने किसिमका कार्यक्रम संचालन गर्ने ।

(ख) दुग्ध, माछा र मासु उत्पादन तथा व्यवसायिककरणको लागि आवश्यक कार्यक्रम संचालन गर्ने ।

(ग) माछा, बाख्रा, भेडा, गाई तथा अन्य पशुपंक्षी उपचार शिविर कार्यक्रम संचालन गर्ने

(च) माछा, बाख्रा, भेडा, गाई तथा अन्य पशुपंक्षी पालनको लागि, दुग्ध तथा मासु उत्पादनको लागि आवश्यक पर्ने कृषि समाग्रीहरुमा कृषकहरुलाई प्रोत्साहन स्वरुप ५० देखि १०० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने।

**(९.८) जडीबुटी, नर्सरी व्यवसाय प्रवर्द्धन कार्यक्रम**

(क) स्थानीयतहमा नै उत्पादन गर्न सकिने जडीबुटी (अतिस, दाँते ओखर, हाँडे ओखर, गुच्ची च्याउ, गोब्रे च्याउ, टिमुर, काफल, बोझो आदि),

जङ्गली सयपत्री फुल, लालीगुँरास आदिको प्रवर्द्धन र विकास गर्ने किसिमका कार्यक्रम संचालन गर्ने ।

(ख) जडीबुटी उत्पादन र नर्सरी व्यवसायिककरणको लागि आवश्यक कार्यक्रम संचालन गर्ने ।

(ग) जडीबुटी र फुल जस्ता बोट बिरुवा उपचार शिविर कार्यक्रम संचालन गर्ने ।

(छ) जडीबुटी र फुल जस्ता बोट बिरुवाहरुको उत्पादनको लागि आवश्यक पर्ने, मल, किट, बिरुवाहरु आदि तथा कृषि समाग्रीहरुमा कृषकहरुलाई प्रोत्साहन स्वरुप ५० देखि १०० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने।

## (९.९) कृषि समाग्री तथा कृषि यान्त्रिकरणको प्रवर्द्धन कार्यक्रम

(क) कृषि सामाग्रीहरु (ट्रेक्टर, सामाग्री ढुवानीको लागि पिकअप जिप, मिनि टिलर, धान, मकै तथा गहुँ चुटने थ्रेसर,पानी तान्ने सोलार पम्प, पापा पम्प, मोटर, जेनेरेटर, प्लाष्टिक पाइप, स्प्रेयर, आरी, सिकेचर, स्पिडकल, लुज पाईप, काटुन, मेटलविन, हाते पंखा, ग्राफ्टिङ्ग नाईफ आदि लगायतका सामाग्री) को प्रदर्शन र सामुहिक रुपमा प्रयोगको लागि प्रोत्साहित गर्ने। साथै उक्त सामाग्रीहरुलाई कृषकहरुको माग तथा आवश्कताको आधारमा ५० दखि १०० प्रतिशत सम्म अनुदानमा उपलब्ध गराउने ।

## (९.१०) साना सिंचाईः

(क) साना सिचाई प्रविधि हस्तान्तरण तथा प्रवर्द्धन (बर्षाको पानी संकलन तथा प्रयोग, कुलो पैनि, पोखरी, स्पिङ्कलर, थोपा सिंचाई, प्लाष्टिक पोखरी आदी) सम्बन्धि कार्य गर्ने ।

## (९.११) खाद्य संरक्षण तथा भण्डारणः

(क) नगरपालिकाको खाद्यान्न उत्पादन तथा आवश्कताको साथै खाद्यान्न अल्पता परिवारको तथ्यांक संकलन गर्ने र उपलब्धता तथा आपतिको स्थिति अध्यावधिक गर्ने ।

(ख) स्थानीय तहमा खाद्य भण्डारणको सीप हस्तान्तरण, अभिमखिकरण गर्ने, स्थानीय उत्पादन खरिदको समर्थन मूल्य लगायत खरिद कार्यको

व्यवस्थापन गर्ने, न्यून खाद्यान्न समयमै आपुर्तिको व्यवस्था गर्ने गराउने।

(ग) नगरपालिका स्तरीय खाद्य सुरक्षा समितको गठन गरी प्रत्येक चौमासिकमा बैठक बसी खाद्य सुरक्षाको अवस्था विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गर्ने।

(घ) कृषि सम्बन्धि नीति, ऐन, योजना,गुरु योजना तर्जुमा, मापदण्ड निर्धारण र नियमन सम्बन्धि कार्य गर्ने

(ङ) नगरपालिकाको सान्दर्भिकता हेरी संघीय, प्रादेशिक नीति र कानून सगं नबाझिने गरी स्थानीय नीति, कानून तर्जुमा सम्बन्धित नगरपालिकालाई प्राविधिक सहयोग पुर्याउने ।

**(९.१२) क्षमता विकास सम्बन्धि कार्य गर्ने गराउनेः**

(क) स्थानीय कृषक समुह, महिला कृषक, साना तथा सिमान्त किसान, जग्गा विहिन आदिलाई उनीहरुको चाहाना र प्राथमिकता अनुसारका कार्यक्रम तर्जुमा गरी संचालनको व्यवस्था मिलाउने ।

(ख) स्थानीय कृषि रोजगारीलाई मर्यादित बनाउने ज्यालाको उचित व्यवस्था गर्ने ।

(ग) कृषिजन्य उद्योग तथा व्यवसायिक कृषि फर्म स्थापन गर्न सहयोगि कार्यक्रम संचालन गर्ने ।

(घ) व्यवसाय स्थापन गर्नको लागि आवश्यक पूर्वाधारको विकासमा सहयोग तथा समाग्रीहरुमा अनुदानको व्यवस्था गर्ने ।

(९.१३) स्थानीय तहमा विभिन्न मापदण्ड र गुणस्तर कायम राख्न नियमनको व्यवस्था (औषधी वा विषादीको प्रयोग, नापतौल, हाटबजार र मुल्य नियमन, ज्याला मजुरी आदि)

**(९.१४) कृषि प्राविधिक जनशक्तिको प्रक्षेपण गर्नेः**

(क) कृषि सम्बद्ध सबै कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गराई कृषि क्षेत्रलाई चाहिने न्युनतम जनशक्ति र त्यसको किसिम (स्थान विशेष अनुसार) तह आदि निर्धारण गर्ने र स्थानीय नगरपालिकामा राय सहित पेश गरिने ।

(ख) दरबन्दि स्वीकृत गराउने र स्थानीय निकाय सगं समन्वय गरी मागको आकृति फारम पठाउन लगाइने ।

(ग) सिफारिश भई आएका कर्मचारीलाई कार्य जिम्मवारी तोकी आवश्यकतानुसार उपशाखा वा वडामा काममा लगाइने ।

(घ) कर्मचारीहरुसंग कार्यसम्पादन करार गर्ने र प्रोत्साही पुरस्कार र दण्डको व्यवस्था कार्य जिम्मेवारी निर्वाह गरे अनुसार गर्ने गराउने व्यवस्था मिलाइने।

(ङ) गैर सरकारि वा निजी क्षेत्रको जनशक्तिको पनि दोहोरो नपर्ने गरी उचित परिचालनको नीति लिइने ।

**(९.१५) अन्तर सम्बन्ध र समन्वयः** कृषि समितिले स्थानीय नगरपालिकामा कृषि कार्यलाई संचालन र व्यवस्थापन गर्दा घनिष्टतम सहयोग, समन्वय र सम्बन्ध कार्यलाई समन्वयित गर्न गराउन र सम्बद्ध कार्यालय, संस्था वा व्यक्ति, मुख्यतया नगरपालिका प्रति उत्तरदायी भई देहाय बमोजिमको कार्य गर्न गराउने व्यवस्था गरिने छः

(क) स्थानीय कृषिक परिवार, समुह, सस्थासंग पहिचान, प्राथमिकता निर्धारण र श्रोत तिनको आवश्यकता साधनमा साझेदारीका साथै सहभगितामा कार्यक्रम संचालन गर्ने गराइने ।

(ख) स्थानीय कृषक परिवार विशष गरेर विपन्न र सिमान्तकृत परिवारलाई केन्द्रमा राखि उक्त कार्य गर्न गराउन वडास्तरका साथै वस्ति र टोलस्तरमा कार्यरत गैर सरकारी संस्थाको सहयोग र समन्वयमा उक्त कार्य गर्ने गराइने ।

(ग) नगरपालिकामा कृषि क्षेत्रसंग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने शाखा साथै विषयगत समिति र उपसमितिसंग अन्तर सम्बन्धित विषयमा औपचारिक तथा अनौपचारिक सम्बन्ध स्थापना गर्ने गराइने र एक अर्काका कार्यक्रममा परिपरकता कायम गर्न गराउन सदवै सकृय भुमिका निर्वाह गरिने ।

(घ) स्थानीय तहमा कार्यरत कृषि सेवा प्रदायकको सुचि तयार गरी नियमित रुपमा अध्यावधिक गराई राख्ने, यसरी सूची तयार गर्दा ती संस्थाले स्थानीय तहको कुन कस्ता प्रकृतिका क्रियाकलाप वा कार्यक्रम बस्ति र टोलमा, परिवारमा केन्द्रित गरेका छन त्यसको विवरण तयार गर्न र दाहारो नपर्ने गरी कार्यक्रम समन्वयित रुपमा संचालन गर्ने व्यवस्था मिलाइने ।

(ङ) संस्थामा कार्यरत प्राविधिक जनशक्तिको अधिकतम उपयोग गरिने उपाय पहिचान गरिने र सरोकारवाला संग छलफल गरी आपसी समन्वयमा प्राविधिक जनशक्तिको परिचालनको रणनीति तय गरिने ।

(च) वडा वा वस्ति र टोलमा स्थानीय तह वा बाह्य श्रोत साधनबाट कृषि कार्यक्रम संचालन गरिने रहेछ भने ती सस्थासंग औपचारिक सम्झौता गरी कार्यक्रम संचालन र व्यवस्थापन गरिने ।

(छ) नगरपालिकाका पदाधिकारीसंग औपचारिक र अनौपचारिक सम्बन्ध स्थापित गर्न गराउन समस्त कृषि क्षेत्रको कार्यक्रम बारे अभिमुखिकरणका कार्यक्रम संचालन गरिने ।

(ज) अभिमखीकरण कार्यक्रम संचालनका लागि कृषि क्षेत्रका सम्भाव्यता र तिनको उचित उपयोगको स्पष्ट मार्ग चित्र प्रस्तुत गरिने र मानव, आर्थिक र भौतिक श्रोत साधनको आवश्यकता वा परिचालन बारे जनप्रतिनिधिलाई निरन्तर जानकारी गराइ राखिने ।

(झ) संचालित अभिमुखिकरण कार्यक्रममा खाद्य सुरक्षाको स्थिति, बचत हनु वा न्यनू हुने र नगरपालिकाबाट बाहिर निकासी योग्य कृषि पदार्थको बारेमा पनि जानकारी मुलक सूचना समटिएको ब्रोसर बनाई जानकारी दिने साथै खाद्यान्न वा अन्य बाली न्यनू हुने वस्ति समेत पहिचान गरिने र त्यस वस्तिको सम्भाव्यताको समेत लेखाजोखा तयार गरी उत्पादनका सम्भाव्य क्षेत्र पहिल्याई समुचित कार्यक्रम संचालनमा ल्याइने ।

(ञ) अभिमखीकरण कार्यक्रमबाट स्थानीय तहमा कृषि कार्यक्रम संचालनका लागि श्रोत परिचालन वा आन्तरिक वा बाह्य लगानी आर्कषित गराउने रणनीति लिइने ।

(ट) सम्बन्धित कार्यपालिका तथा सरोकारवाला गैर सरकारी संस्था, निजी क्षेत्रका पदाधिकारीलाई कृषि कार्यक्रम संचालनमा र स्थानीय लगानी बढाउने कार्यमा संलग्न गराउन निरन्तर सम्पर्क, संचार र समन्वय गर्ने गराउने व्यवस्था गरिने ।

(ठ) कृषि कार्यक्रमलाई स्थानीय योजना चक्रमा आवद्ध गराउन योजना तर्जुमाका प्रत्येक चरणमा (बजेट पुर्वानुमान प्रक्षेपण, मार्ग दर्शन तयारी, वडास्तरमा गरिने कार्य, स्थानीय योजना तर्जुमा समिति, अनुदान आदि सम्बन्धी) नीतिगत तथा कार्यगत समन्वय स्थापित गरी तोकिएको समयमा कार्य गर्ने गराउने व्यवस्था मिलाइने ।

(ड) संचालित कार्यक्रमको एकल वा सयूंक्त अनुगमनको व्यवस्था मिलाउन सुचक तयार र स्वीकति दिई अनुगमन कार्य गर्ने गराउने र प्राप्त अनुगमन प्रतिवेदनमा समीक्षा गर्ने व्यवस्था मिलाइने

(ढ) कार्यक्रम संचालन गर्दा उपसमिति वा कार्यदल गठन गर्नु पर्ने भए आन्तरिक कार्यविधिमा समावेश गरी स्वीकृतिका लागि पेश गरिने।

(ण) जिल्ला भित्रका स्थानीय तहका अन्य गाउँपालिका वा नगरपालिका वा गाउँपालिका र नगरपालिकामा कार्यरत प्रदेश तथा संघीय सरोकारसंगका कार्यालयका साथै गैर सरकारी संस्थाहरुसंगको समन्वयकारी भुमिका जिल्ला सभाले खेल्ने हदु जिल्ला समन्वय समितिसंग निकटतम सम्पर्कमा रहि समन्वयको व्यवस्था मिलाउने

**(१०) समस्या समाधानः** यस नगरपालिकाको कृषि विकास उपशाखा माफर्त कृषि कार्यक्रम संचालन गर्दा कुनै समस्या परेमा यस नगर स्तरिय कृषि विकास समितिले आवश्यक निर्णय गरि कार्यक्रममा सहजता ल्याउन सक्नेछ।

**९. वडास्तरको कृषि विकास समितिः** (१) नगरपालिकाको वडा तहमा कृषि र पशुपंक्षी सेवा विकासका लागि देहाय बमोजिमका समिति गठन गरिनेछ ।

(क) वडा अध्यक्ष वा निजले ताकेको वडा सदस्य -सयोजक

(ख) वडाको महिला सदस्य -सदस्य

(ग) वडाका सचिव -सदस्य

(घ) वडामा रहेका उत्कृष्ट कृषिक समहू मध्येबाट एक जना महिला सहित दुई जना प्रतिनिधि -सदस्य

(ङ) वडास्थित पशु सेवा केन्द्रका प्रमुख -सदस्य

(च) वडास्थित कृषि सेवा केन्द्रका प्रमुख सदस्य -सदस्य-सचिव

(छ) समितिका सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ, एउटै व्यक्ति लगातार २ पटक भन्दा बढी एउटै पदमा रहन पाउने छैन ।

नोटः- वडा भित्रका उत्कष्ट कृषिक, विशेषज्ञ वा कृषि सम्वन्धी सिप भएका व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ ।

**१०. वडास्तरको कृषि विकास समितिको काम कर्तव्य र अधिकारः**

(क) वडामा रहेको कृषि सम्बन्धि सम्भावनाहरुको अध्ययन गरी पकेट क्षेत्र निर्धारण तथा अध्यावधिक गरि कृषि सम्बन्धि कार्यत्रम संचालन गर्न सहयोग गर्ने ।

(ख) वडामा रहेका कृषक समहू तथा कृषि सहकारीहरुको लगत अध्यावधिक गर्ने।

(ग) वडामा रहेका कृषि सम्बन्धि तथ्याङ्कहरुको अध्यावधिक गर्ने ।

(घ) वडा स्तरमा कृषि सम्बन्धि कार्यक्रम संचालन गर्ने गैर सरकारी संस्थाहरुको विवरण अध्यावधिक गरी तिनिहरुको बजेट तथा कार्यक्रमलाई योजना तर्जुमा प्रक्रियामा अनिर्वाय सहभागि गराउने ।

(ङ) वडा स्तरमा संचालन हुने कृषि सम्बन्धि बजेट तथा कार्यक्रमको तर्जुमा गर्ने।

(च) वडा स्तरमा संचालन गर्ने कृषि सम्बन्धि क्रियाकलापहरुको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा सहयोग गर्ने ।

(छ) वडाको आवश्यकता अनुसारका कृषि सम्वन्धी अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-७
## कार्यक्रम संचालन प्रक्रिया

**११. प्रथामिक क्षेत्र तथा बाली अन्तर्गत सम्भाव्य पकेट क्षेत्रको प्राथमिकताः** (१) कार्यक्रम संचालन गर्दा नगरपालिका कार्यालयको कृषि विकास शाखाले विभिन्न मापदण्डहरु र वडा कार्यालयको सिफारिसलाई आधार मानी सम्भाव्य खाद्यान्न, तेलहन, दलहन, मसाला, फलफुल, तथा तरकारीबाली तथा दुग्ध पकेट क्षेत्रलाई प्राथमिकता दिई अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

तर यसले साना किसान तथा अन्य सम्भाव्य क्षेत्रहरुमा पोषण सुरक्षा वा व्यवसायिक दृष्टिले गर्न खोजिने खाद्यान्न वा तरकारी खेतीलाई बाधा पुर्याएको मानिने छैन ।

**१२. प्रथामिक क्षेत्र तथा बाली अन्तर्गत व्यवसायिक महत्व बोकेका बालीलाई प्राथमिकताः** (१) कार्यक्रम संचालन गर्दा व्यवसायिक महत्व बोकेका खाद्यान्न, मसाला, तेलहन, दलहन, फलफुल, तथा तरकारीलाई विशेष महत्व दिई वडा कार्यालयको सिफारिसमा कार्यक्रम संचालन गर्नु पर्नेछ ।

तर यसले अन्य पोषण सुरक्षाका लागि अन्य बाली प्रवर्द्धन गर्न भने बाधा पुर्याएको मानिने छैन ।

**१३. प्रस्ताव तथा माग संकलनः** (१) कृषकको लागि आवश्यक कृषि सामाग्री मागको लागि नगरपालिकाको कृषि विकास शाखाबाट सूचना प्रकाशन (नगरपालिकाको सूचना पाटी, वेवसाईट, पेज वा स्थानीय पत्रपत्रिकामा प्रकाशन तथा स्थानीय रेडियोबाट प्रशारण) गरी सूचना बमोजिम कृषि सामाग्रीको माग कृषि विकास शाखाले संकलन गर्नेछ ।

(२) फलफुल खेतीको हकमा शर्तहरु उल्लेख गरी सम्भव भए सम्म सिजन भन्दा कम्तिमा २ महिना अगावै सबैको पहुँच हुने गरी कृषि विकास शाखाबाट १५

दिने सूचना प्रकाशन गरी समपुर्ण वडा कार्यालयहरुमा सूचना पठाई टाँस गर्ने वा आम संचार माध्यमबाट १५ दिने सूचना जारी गरेर माग संकलन गर्नु पर्नेछ ।

**१४. कृषि सामाग्री खरिदः** (१) खाद्यान्न, तेलहन, दलहन, मसला बाली, नगदे बाली, दुग्ध तथा मासु उत्पादन टेवा पुग्ने सामाग्री व्यवसाय, तरकारी तथा फलफुल विरुवा, बीउविजन, रासायनिक मल, विषादी वा कुनै पनि कृषि सामाग्री खरिद गर्दा नेपाल सरकारका स्वामित्व भएका संस्थान वा कम्पनीबाट सोझै खरिद गर्न सकिनेछ । नीजि फर्म, कम्पनी तथा श्रोत केन्द्रबाट खरिद गर्दा कृषि विकास शाखाको माग बमोजिम नगरपालिकाको खरिद ईकाइले प्रचलित खरिद सम्बन्धि कानून बमोजिम खरिद गरी कृषि विकास शाखालाई उपलब्ध गराउनेछ ।

तर रासायनिक मल खरिद गर्दा तोकिएको सार्वजनिक संस्थान बाहेक अन्यत्रबाट खरिद गर्न पाईने छैन ।

## परिच्छेद-८
## कृषि सामाग्री अनुदान सम्बन्धि प्रक्रिया

**१५. कृषि सामाग्री अनुदानः** (१) कृषि सामाग्री खरिद मुल्यमा स्वीकृत बजेटमा उल्लेख भएको वा नगरपालिकाको निर्णय अनुसारको प्रतिशत बराबरको रकम अनुदान उपलब्ध गराईनेछ ।

(२) व्यवसायिक फलफुल बगैंचा स्थापना तथा व्यवस्थापन (खाडल खन्ने, मलखाद, विषादि, घेराबार, सिंचाई, मेशिनरी औजार) मा स्वीकृत बजेटमा उल्लेख भएको वा नगरपालिकाको निर्णय बमोजिमको अनुदान रकम प्रदान गर्न सकिनेछ ।

(३) तरकारी, खाद्यान्न उत्पादन फर्म स्थापना तथा व्यवस्थापन (बीउको मुल्य, घेरबार, सिंचाई, प्लाष्टिक टनेल, मलखाद, विषादी, मेशिनरी औजार) मा स्वीकृत बजेटमा उल्लेख भएको वा नगरपालिकाको निर्णाय बमोजिमको अनुदान रकम प्रदान गर्न सकिनेछ ।

(४) दुग्ध उत्पादन तथा मासु उत्पादन व्यवसाय (कृषि तथा पशुपालन फर्म) को लागि व्यवसाय प्रवर्द्धन तथा उत्पादन क्षमता बृद्धि गर्न प्रत्यक्ष टेवा पुग्ने बस्तु तथा औजारमा (चल्ला तथा कुखुरा वितरण, फ्रिज, नाईफ आदि) स्वीकृत बजेटमा उल्लेख भएको वा नगरपालिकाको निर्णय बमिजिमको अनुदान रकम प्रदान गर्न सकिनेछ ।

(५) पोषण सुरक्षको लागि मात्र माग भएका फलफुल बिरुवा तथा तरकारी, खाद्यान्न बीउको हकमा विरुवाको मुल्यमा कार्यपालिकाको निर्णयानुसारको अनुदान रकम उपलब्ध गराईनेछ ।

१६. **कृषि सामाग्री ढुवानी अनुदानः** कृषि सामाग्रीहरु लोड, अनलोड वा ढुवानी गर्दा श्रोत केन्द्रबाट वितरण केन्द्र सम्म स्थानीय दररेट अनुसार शत प्रतिशत ढुवानी अनुदान उपलब्ध गराईनेछ ।

१७. **विरुवा मोर्टालिटिः** विरुवाको श्रोत केन्द्रबाट वितरण केन्द्र सम्म ढुवानी गरिदाँ विरुवा भाँचिएका वा काम नलाग्ने भएका संख्या यकिन गरी कार्यालय प्रमुखको उपस्थितमा मुचुल्का तयार गरी उक्त विरुवाको परल मुल्य अनुदान उपलब्ध गराईनेंछ ।

१८. **कृषि सामाग्री वितरणः** (१) नगरपालिकाबाट वितरण हुने कृषि सामाग्रीको अनुदान प्राप्तिको लागि कृषि विकास शाखाबाट माग भएको सूचना बमोजिम माग गर्ने कृषक/समूह/सहकारी को माग स्वीकृत भएको जानकारी गराई अनुदान प्राप्त गर्ने भन्दा बाहेकको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा गराउनु पर्नेछ । यसरी जम्मा गरेको रकमबाट खरिद हुने कृषि सामाग्रीहरु दफा १४ बमोजिमको प्रक्रिया अवलम्बन गरी खरिद गर्नुपर्नेछ ।

(क) वर्षा सिजनमा मकै, धान र तरकारी बालीका लागि लागि मल वितरण हर्नु पर्नेछ भने हिउँदे सिजनमा आलु, गहुँ र तरकारी खेतीका लागि मल वितरण गरिनेछ ।

(ख) सहकारीले अनुसूची-२ बमोजिमको विवरण भर्पाई अवलम्बन गर्नु पर्नेछ।

(ग) रासायनिक मल वितरण गर्दा कृषि सहकारीडरुले शेयर सदस्य लगायत अन्य कृषकलाई पनि बिना भेदभाव समानुपातिक ढङ्गबाट वितरण गर्नु पर्नेछ ।

(घ) चालू सिजनका बाली लगाँउदा आवशयक मल बाहेक अर्को सिजनका लागि चाहिने मल सञ्चय गर्न वा सञ्चय हुने गरी वितरण गर्न पाइने छैन।

(ङ) कृषि सहकारीले नगरपालिका क्षेत्र भित्र रहेका जमिनका लागि बाहेक अन्यत्र बिक्रि वितरण हर्न पाइने छैन ।

(च) फलफुलको हकमा खाल्डो खनेकी स्थलगत अनुगमन गरेर मात्र मल वा बेर्ना उपलब्ध गराइनेछ ।

(छ) सेवा शर्त र सम्झौता नगर कार्यपालिकाबाट कृषि सामाग्री अनुदानका लागी छनौट भएका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनीले मात्र अनुसूची-१ बमोजिम सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । पाउने शेवा सुविधा तोके बमोजिम हुनेछ ।

१९. **भुक्तानी प्रक्रियाः** दोस्रो पक्षले अनुदानको कृषि सामाग्री वितरण गरिसके पश्चात वितरण हरेको खरिद बिल र वडा कार्यालयको सिफारिसको आधारमा छायाँनाथ रारा नगरपालिकाको कार्यालयमा भुक्तानीका लागि निवेदन दिई वितरण भएको मलको जम्मा मुल्यमा तोकिएको प्रतिशत रकम भुक्तानी लिन सक्नेछ । नगर कृषि विकास शाखाले कार्यालयमै संचालन गरेको कार्यक्रममा वडाको सिफारिस आवश्यक हुने छैन ।

२०. **व्यवस्थापन शुल्कः** कृषि सामाग्री वितरणको अवस्थामा कार्यालय, वडा कार्यालय वा कृषि सहकारीलाई प्रचलित नियम अनुसार व्यवस्थापन खर्च उपलब्ध गराईनेछ ।

२१. **कृषि सामाग्री अनुदानका लागि छनोट मुख्य आधारहरुः**

(क) समभाव्य तथा प्राथमिकतामा परेका क्षेत्रका मागहरु

(ख) जग्गा भाडामा लिई खेती गर्ने कृषक समुह सहकारी वा व्यक्तिगत फर्महरु

(ग) समुह सहकारी तथा व्यक्तिगत दर्ता भएका फर्महरु

(घ) लक्षित वर्ग (दलित, जनजाती, महिला, आपाङ्ग आदि) का कृषक तथा फर्महरु

(ङ) विदेशबाट फर्किएका युवाहरुबाट सञ्चालन गरिने कृषि फर्महरु

(च) बाझो सरकारी तथा सामुदायिक हमिनमा सम्बन्धित निकाय सँग समन्वय गरी खेती गर्न चाहने युवा कृषक तथा फर्महरु

(छ) बिउ उत्पादनका लागि मल र बिउको प्रमुख सुनिश्चितता भएको कृषक तथा फर्महरु

(ज) नगरपालिकाको हिमाली भुभागमा कम्तिमा ....... रोपनी भन्दा ठूलो बगैंचा वा कम्तिमा ........ बिरुवा रोप्ने बगैंचा । तरकरीको हकमा भने १ रोपनी भन्दा धेरै भएकोलाई प्राथमिकता दिनुपर्ने ।

## परिच्छेद-९
## योजना र बजेट तर्जुमा प्रक्रिया

**२२. विषयगत क्षेत्रको आवश्यक तथ्याङ्क, सुचना संकलन, विश्लेषण गरी कृषि क्षेत्रको वस्तुगत विवरण तयार गर्नेछः**

(क) कृषि क्षेत्रको मध्यकालीन वा दीर्घकालीन रणनीतिगत विकास योजना तर्जुमा गर्ने र उक्त योजनाले लिएका नीति रणनीतिलाई आवश्यकतानुसार सम्बन्धित नगरपालिकाको आवधिक योजनामा समावेश गरी लागू गर्ने गराउने ।

(ख) उक्त स्वीकृत विषयगत क्षेत्र र आवधिक योजनाले लिएका लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवश्यक बजेट तथा योजना तर्जुमा गर्ने ।

(ग) वस्ती तथा वडा स्तरीय कृषि योजना तर्जुमाको लागि सबै सरोकारवालाको वैठक आयोजन गर्ने र वस्तीस्तरवाट माग भई आएका योजना कार्यक्रम स्वीकृतिका लागि पेश गर्ने ।

**२३. योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयः**

(क) विषय क्षेत्रगत वा आवधिक योजना तर्जुमा गर्दा कृषि क्षेत्रको सम्बन्धित स्थान विशेषको संभाव्यता हेरी कृषि व्यवसायीकरणका माध्यमबाट आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादन मुलक तथा छिटो प्रतिफल पाप्त गर्न सकिने स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढने, स्थानीय वासिन्दाहरू प्राथमिकतालाई सम्वोधन हुने, जनसहभागिता जुटने, बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, वातावरणीय संरक्षण तथा सवर्द्धन गर्न सघाउ पुग्ने र दिगो विकासमा मद्दत पग्ने योजनालाई प्राथमिकता दिई तर्जुमा गर्ने।

(ख) वार्षिक योजना तयार गर्दा विषय क्षेत्रगत, आवधिक योजनाका लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यक्रम प्राथमिकता समेतलाई ध्यानमा राखी वार्षिक योजना, कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने ।

**२४. योजना तर्जुमा प्रक्रियाः** कृषि क्षेत्रको योजना तर्जुमा गर्दा नगरपालिकाको मार्गदर्शन, बजेट सिलिङ्ग तथा तोकिएका प्राथमिकता क्षेत्र समेटिने गरी देहाय अनुसार गर्नु पर्ने छ ।

(क) नगरपालिकाले कृषि विकास समितिको सहयोगमा भूगोल अनुसार प्राबिधिक रुपले उपयुक्त हुनेगरी अनुसूची-१ बमोजिम कृषि क्षेत्रको प्राथमिकता निर्धारण गरी बार्षिक कार्यक्रम स्वीकृत गर्ने व्यवस्था मिलाउनेछ ।

(ख) नगरपालिकाले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कृषि विकास योजना तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत गराई राख्ने र उक्त योजनाले लिएका नीति रणनीतिलाई आवश्यकतानुसार नगरपालिकाको आवधिक योजनामा समावेश गरी लागु गर्ने गराउने व्यवस्था गर्नेछ ।

(ग) नगरपालिकाको बिषयगत क्षेत्र र आवधिक योजनाले लिएका लक्ष र उद्देश्य प्राप्तिका लागि बार्षिक योजना तर्जुमाको सिलसिलामा समितिले नगरपालिकाबाट बजेट पूर्वानुमान र मार्गदर्शन लिनेछ ।

(घ) नगरपालिकाबाट बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त भएपछि समितिले वडास्तर र नगरपालिकास्तरमा बजेट पूर्वानुमानलाई बाँडफाँट गर्न कृषिसँग सम्वन्धित सबै सरोकारवालाहरुको सहभागीतामा समन्वय बैठकको आयोजना गर्नेछ ।

(ङ) नगरपालिकाले कृषि विकासको योजना तर्जुमा गर्दा साना तथा मझौला सिंचाईको योजनालाई समेत समाबेस गरी तर्जुमा गर्नु पर्नेछ । सिंचाई सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन गर्दा जल उपभोक्ता समितिको सक्रिय सहभागिताको सुनिश्चितता गरिनेछ।

(च) योजनाको प्राथमिकता निर्धारण, तर्जुमा तथा कार्यान्वयन अनुसूची-२ बमोजिम हुनेछ।

२५. **योजना, कार्यक्रम कार्यन्वयनः** (१) कार्यक्रम र बजटे कार्यक्रम स्वीकृतको कार्यान्वयन र जिम्मवारी तालिका तयार गर्ने भए पछि सरोकारवाला सबै विषयगत निकायले आ-आफ्नो शाखागत र वडागत रुपमा योजना, कार्यक्रमलाई क्रियाकलापमा विभाजन गरी निश्चित कार्य तालिकामा राख्ने र यसरी कार्य तालिका तयार गर्दा जिम्मवारी तालिका समेत तयार गर्ने

(२) यसरी तयार गर्दा कार्यक्रम कार्यान्वयनको तरिका मध्ये लिइने निम्न विकल्प जस्तै उपभोक्ता समिति, ठेक्कापट्टा, गैर सरकारी संस्था, सहकारी वा सेवा करार, अमानत मध्ये उपयुक्त विकल्पको समेत सार्वजनिक खरिद ऐनको परिधि भित्र रही छनौट गरी प्रस्तुत समेत गर्नपर्ने व्यवस्था मिलाइने छ ।

(३) विषयगत समितिमा कार्यान्वयन तालिका पेश गर्नेः

(क) यसरी शाखागत वा वडागत कार्यक्रम बजेट तयार भए पछि, कृषि विषयगत समितिमा सम्बद्ध सबै सरोकारवाला गैर सरकारी संस्था, सहकारी संस्था र निजि क्षेत्रबाट समेत कार्यान्वयन तालिका प्रस्तुत गराउने

(ख) यसमा आपसी समन्वय र परिपुरकता कायम गर्न अन्य सम्बन्धित बिषयगत क्षेत्रका सरोकारवाला सबैलाई पनि आमन्त्रण गर्नु पर्ने देखिएमा सो समेत गर्ने

(ग) उक्त कार्यान्वयन तालिकामा के-कति, कहाँ कसरी, कस्ले, कसबाट, कसका लागि, लाग्ने लागत, उपलब्धि परिमाण र जिम्मेवार व्यक्ति र निकाय स्पष्ट देखाउनु पर्ने गरी तालिका प्रस्तुत गर्न लगाउने

(४) कृषि समितिले पारित गरेपछि सम्बद्ध अन्य विषय क्षेत्रगत समितिले अन्तर क्षेत्रगत परिपूरकता हेरी पारित गर्ने र कार्यपालिकाको बजेट तथा कार्यक्रम समितिमा पठाउने । बजेट तथा कार्यक्रम समितिले मार्गदर्शन अनुसार भए नभएको हेरी कार्यपालिकामा पेश गर्ने

(५) प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रम र बजेटको अख्तियारी श्रावण ७ गते भित्र दिनपर्ने

(६) प्रमुख प्रशासकीय अधिकृतले आफुलाई प्राप्त भएको मितिले १५ दिन भित्र तयार भएको कार्यान्वयन कार्य तालिका र बजेट र कार्यक्रमको अख्तियारी कार्यान्वयन मार्गदर्शन सहित सम्बन्धित शाखा तथा वडा समितिमा पठाउने

(७) कार्यान्वयन मार्गदर्शनमा भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनको ढाँचा समेत राखि प्रतिवेदन पठाउने वा कार्यान्वयनको तरिका, समयमा कार्य सम्पादनमा उत्कृष्टता हासिल गरेमा पुरस्कार र नगरेमा दण्डको व्यवस्थालाई कार्य सम्पादनको अभिन्न अंगको रुपमा राख्ने व्यवस्था गर्नु पर्ने ।

(८) कार्यविधि सम्बन्धित नगरपालिकाबाट अख्तियारी र मार्गदर्शन प्राप्त भएपछि कृषिसंग सम्बन्धित कार्यान्वयन गर्ने जिम्मेवार निकायमा कार्यान्वयन तालिका सहित कार्यक्रम र बजेट खर्च गर्ने जिम्मेवार निकाय तोकी पठाउने र यदि स्थानीय तहको प्राथमिकता प्राप्त योजना वा कार्यक्रम भए सो समेत खुलाउनु पर्नेछ ।

(९) कृषि समितिले वा शाखा प्रमुखले आफ्नो विषय क्षेत्र अर्न्तगतका प्राथमिकता प्राप्त योजनाको सुची समेत सम्वन्धित जिम्मेवार निकाय र व्यक्तिलाई उपलब्ध गराउनु पर्ने

(१०) सम्वन्धित कार्यपालिकाका प्रमुख, अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसंग र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख वा वडा समितिसंग कार्य सम्पादन सुचक सहितको कार्य सम्पादन करार गर्ने

(११) यदि कृषि क्षेत्रको विषयमा कार्य सम्पादन करार भएको भए तत-तत् जिम्मेवार व्यक्तिसंग सचिव वा सम्बन्धित महाशाखा वा शाखा प्रमुखले कार्य सम्पादन करार समेत गर्नु पर्ने

(१२) कार्यपालिकामा स्वतन्त्र कार्य सम्पादन मुल्याङ्कन समिति समेत गठन गरी महाशाखा वा शाखाको कार्य सम्पादन मुल्याङ्कन ६/६ महिनामा गर्ने व्यवस्था मिलाउने

(१३) अख्तियारी प्राप्त प्रत्येक निकायले मासिक रुपमा वित्तीय र प्राथमिकता प्राप्त कार्यक्रमको दुई-दुई महिनामा र अन्य सबै कार्यक्रमको चौमासिक रुपमा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित कार्यपालिकामा पठाउने

(१४) यसरी पठाएको प्रतिवेदन सम्बन्धित बिषयगत समितिको सचिवलाई समेत उपलब्ध गराउने

(१५) प्राथमिकता प्राप्त योजनाको २/२ महिनामा प्रमुखले कार्यपालिकामा समीक्षा गरी वाधा अडकाउ भए फुकाउने र समयमा प्रगति हाँसिल गर्ने रणनीति समेत तय गर्ने

(१६) चौमासिक समीक्षाः विषयगत समिति र विषय क्षेत्रगत समिति (कृषि) मा समेत प्रगति प्रतिवेदनमा कार्यपालिकामा समीक्षा गरी विषय क्षेत्रगत समितिका संयोजकले एकमुष्ट प्रगतिको समीक्षात्मक प्रतिवेदन प्रस्तुत गर्ने र देखा परेका मुद्दा वा समस्या प्रस्तुत गरी समाधानको उपाय समेतको रणनीति बैठकबाट तय गर्ने

(१७) चौमासिक प्रगति प्रतिवेदनः जिल्ला समन्वय समिति, प्रदेश वा सघीय सरकारको सम्बन्धित मन्त्रालयमा एकिकृत गरी महिना भुक्तान भएको १५ दिन भित्र प्रस्तुत गर्ने

(१८) वार्षिक प्रतिवेदन पठाउनेः सम्बन्धित कायपालिकाले वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्वन्धित जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय मन्त्रालयमा पठाउनु पर्ने

(१९) प्रगतिको आधारमा कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने प्रणाली स्थापित गर्ने, यसका लागि प्रत्येक कर्मचारीको कार्य जिम्मवारी विवरण अनुसार कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने ।

## परिच्छेद-१०
## अनुगमन मुल्याङ्कन समीक्षा र प्रतिवेदन

**२६. अनुगमन मुल्याङ्कन समीक्षा र प्रतिवेदनः** (१) योजना वा कार्यक्रमको एकल वा संयुक्त अनुगमनको व्यवस्थाका लागि अनुगमन कार्यको कार्यतालिका नगरपालिकाको अनुगमन समितिबाट स्वीकृत गराई राख्ने र बजेट समेत छुट्ट्याउने व्यवस्था गरिनेछ

(२) कृषि विकास समितिले आवश्यकतानुसारको टोली गठन गरी नियमित अनुगमनको व्यवस्था मिलाउनेछ

(३) अनुगमनका क्रममा नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा निम्न कुराको विश्लेषण गरिनु पर्ने छ

(क) श्रोत साधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको ?

(ख) अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको?

(ग) कार्यान्वयन क्षमता के कस्तो छ ?

(घ) के कस्ता समस्या र बाधा व्यवधान देखिएका छन् र तिनको समाधानका निम्ति के कस्ता उपाय अवलम्बन गर्नु पर्ने छ ?

(४) सुचना प्रविधिको उपयोगबाट अनुगमन सुचना प्रणाली स्थापित गर्न आवश्यक कार्यहरु गरिनेछ

(५) नगरपालिकामा अनुगमन र सुपरिवेक्षणका लागि उप-प्रमुखको संयोजकत्वमा गठित संस्थागत संयन्त्रको व्यवस्था भएकाले उक्त संयन्त्रसंग समितिले समन्वय गरी अनुगमनको व्यवस्था गरिने छ

(६) स्थानीय कृषि विकास समितिले पनि आफु अन्तगर्त संचालित कार्यक्रमहरुको समयमै अनुगमन गर्न कृषि विकास समितिको संयोजक वा अन्य सदस्यको संयोजकत्वमा सम्वद्ध महत्वर्पुण शाखाका प्रमुख वा निजको प्रतिनिधि, गैरसरकारी संस्थाको प्रतिनिधि, कृषक समूहको प्रतिनिधि, सहकारी संस्थाको प्रतिनिधि, पशु शाखाको प्रतिनिधि रहेको अनुगमन उप-समिति गठन गर्ने र त्यसको सचिव कृषि शाखा प्रमुखले तोकेको अधिकृत कर्मचारी हुने व्यवस्था मिलाइने छ ।

(७) उक्त उपसमितिले आफ्नो कार्यविधि आफै बनाउने छ र संयुक्त वा एकल अनुगमनको व्यवस्था समेत गर्ने छ । यस उप-समितिले उपलब्धि र परिणामको मापन सुचक तयार गर्ने छ । त्यस्तै कृषि सम्वद्ध अन्य सरोकारवाला गैरसरकारी संस्था, निजी र सहकारी क्षेत्र एवं विकास साझेदार का बीचमा पनि अनुगमन प्रणालीका सूचक निर्धारण गरी कृषि समितिको अनुगमन प्रणालीमा समाहित गर्न सकिने सुचक निर्धारण गरी लागू गरिने छ । अनावश्यक सूचनाहरु माग नगर्ने र आवश्यक सूचना नछुटाउने नीति समेत अवलम्बन गरिने छ ।

(८) यसरी सुचक तयार गर्दा स्थानीय गाउँपालिका वा नगरपालिका लाई कृषि क्षेत्रको के आधारभुत सूचना उपलब्ध गराइने हो आवधिक योजनामा निर्दिष्ट

गरेका विषयक्षेत्रगत सुचकहरुसंग मिलान गर्न समन्वय गरी तदनुसारको प्रतिवेदन पठाउने व्यवस्था गरिने छ ।

(९) अनुगमन प्रणालीलाई नियमित र व्यवस्थित बनाउन सबै कार्यक्रम र भौगोलिक क्षेत्रमा पुग्न सम्भव नभए नमूनाको रुपमा केही वडामा र समष्टि व्यवस्थापनको अनुगमन मापनका सुचक तयार गरी तदनुसार अनुगमन गर्ने व्यवस्था समेत मिलाउन सकिने छ ।

(१०) स्थानीय प्रथमिकता प्राप्त, वहुवर्षिय वा पुँजिगत लगानी अत्यधिक भएका योजना, कार्यक्रमहरुका लागि छुट्टै सुचक तयार गरी नियमित अनुगमन गर्ने प्रणाली स्थापित गरिने छ र देखापरेका समस्या समयमै समाधान गरी योजना कार्यक्रम सुचारु गराउने व्यवस्था मिलाइने छ ।

(११) अनुगमन कार्यका लागि लाग्ने अनुमानित बजेट समेत यस उप-समितिले तय गरी समितिमा पेश गर्ने छ ।

(१२) समितिले विषयगत शाखालाई पनि सुपरिवेक्षण तथा अनुगमनका लागि बजेटको व्यवस्था गरी अनुगमन गर्न गराउन आवश्यक निर्देशन दिने छ ।

(१३) यसरी अनुगमन गराई विषयगत कृषि विकास समिति नगरपालिका स्थानीय तहको समितिमा नियमित प्रतिवेदन लिने व्यवस्था गरिने छ ।

२७. **मध्यावधि मुल्याङ्कनः** (१) नगरपालिकाको आवधिक, बहुवर्षिय योजना वा प्रथमिकता प्राप्त योजनाहरुको मध्यावधि तथा समष्टिगत उपलब्धि र परिणामको मापन हुने गरी बाह्य निकाय वा विशषज्ञबाट मध्यावधि मुल्याङ्कन गर्ने प्रणाली अवलम्बन गरी बहु बर्षिय योजना वा प्राथमिकता प्राप्त योजनाहरुको समेत मध्यावधि मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरिनेछ ।

२८. **अन्तिम मुल्याङ्कनः** (१) योजनाको बृहत्तर लक्ष्य र उद्देश्य हासिल भए नभएको, कहाँ, के कस्ता, सबल र कमजोर पक्ष रहन गए सोको विश्लेषण गरी व्यवस्थापनलाई उपयुक्त नीति, रणनीति तय गर्न मद्दत पुर्याउनका लागि अन्तिम मुल्याङ्कनको व्यवस्था गरिने छ।

(२) नगरपालिकाले तयार गरको आवधिक योजनाको समष्टिगत रुपमा अन्तिम प्रभाव मुल्याङ्कन गर्ने प्रावधान राखिनेछ।

(३) मुल्याङ्कन प्रणालीमा कृषि क्षेत्रको समेत प्रभाव मूल्याङ्कन गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(४) आन्तिम मूल्याङ्कनका लागि तेस्रो पक्षका विज्ञबाट गर्ने गराउने व्यवस्था गरिनेछ

२९. **समीक्षाः**

(क) नगरपालिकामा प्रत्येक चौमासिक र वार्षिक रुपमा संचालित सबै योजना, कार्यक्रम, आयोजना वा क्रियाकलापहरुको प्रगति समीक्षा कार्यपालिकाले गर्नेछ ।

(ख) यस्तो समीक्षा बैठक चौमासिक अवधि समाप्त भएको दोश्रो वा तेस्रो हप्ता भित्र गरी सक्ने गरी तालिका निर्धारण गरिने छ ।

(ग) यस समीक्षा बैठकमा सरोकारवाला सबै सरकारी, गैरसरकारी, निजी, सहकारी, विकास साझेदारहरु तथा आम संचारको उपस्थिति अनिवार्य गराइने छ । समीक्षामा आँकडा प्रस्तुति गर्न भन्दा पनि देखा परेका मुद्दा, समस्याहरुबारे छलफल गरिने र समस्या समाधानका सहज उपाय खोजिने छ र कुन तहबाट उक्त समस्या समाधान हुने हो सोको समेत जिम्मवारी तोकिने छ ।

(घ) समीक्षा गरिनु भन्दा पहिले समितिको बैठक बोलाई विस्तृत विषय क्षेत्रको समीक्षा गर्ने र देखा परेका समस्याको विश्लेषण गरी कुन तहबाट समाधान गरिनु पर्ने हो, सो समेत किटान गरी प्रतिवेदन कार्यपालिकाको समिक्षा बैठकमा पेश गर्ने ।

(ङ) स्थानीय, प्रार्देशिक वा राष्ट्रिय प्राथमिकता प्राप्त योजना र विकास साझेदारहरुको सहयोगमा संचालित योजना कार्यक्रमको समेत २/२ महिनामा समीक्षा गरिने छ।

(च) समीक्षा बैठकमा प्राप्त गुनासोहरुलाई समेत सम्बोधन गरिने छ ।

३०. जिल्ला सभामा वार्षिक समीक्षाः जिल्ला समन्वय समितिले आयोजना गर्ने समिक्षा बैठकमा नगरपाालिकाले नियमित रुपमा प्रतिवेदन सहित सहभागिता जनाउने छ ।

**३१. प्रतिवेदनः**

(क) नगरपालिकाले पारित गरको आर्थिक कार्यविधि अनुसारको ढाँचामा आर्थिक प्रतिवेदनहरु मासिक रुपमा अख्तियार प्राप्त महाशाखा वा शाखा प्रमुखले तोकिएको कार्यालय वा निकायमा पठाउने छ ।

(ख) भौतिक प्रगति प्रतिवेदन साधारणतया चौमासिक भुक्तान भएको ७ दिन भित्र अख्तियार प्राप्त महाशाखा वा शाखा प्रमुखले नगरपालिकामा पठाउने व्यवस्था मिलाइने छ ।

(ग) आ-आफ्नो जिम्माको आर्थिक तथा भौतिक प्रतिवेदन समितिका सचिव मार्फत शाखा प्रमुखहरुले नगरपालिकाको समीक्षा बैठक हुनु भन्दा अगावै समितिमा छलफल गराई प्रस्तुत गर्ने व्यवस्था मिलाइने छ ।

(घ) चौमासिक प्रतिवेदनमा भौतिक प्रगतिका साथै आयव्ययको समग्र स्थिति प्रस्तुत गरिने व्यवस्था गरिने छ ।

## परिच्छदे-११
## विविध

**३२. पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व, प्रचार, प्रसार, सुचनाको हक र सुशासनका औजारहरुको प्रयोग, गुनासो व्यवस्थापन आदिः** (१) नगरपालिकामा गरिने क्रियाकलाप, प्रदान गरिने सेवा सुविधालाई पारदर्शि, उत्तरदायी, जवाफदेही र प्रभावकारी रुपमा नागरिक प्रति सम्वेदनशील भई संचालन गरिने छ।

(२) यसरी संचालन गर्दा नागरिकको व्यापक सहभागितामा संचालन गरिने छ ।

(३) नगरपालिकामा कार्यक्रम संचालन गर्दा सुशासनका मुलभुत मान्यता जस्तै कानूनको शासन, आर्थिक अनुशासन, मानव अधिकारको पुर्ण प्रत्याभुति, विकेन्द्रीकरण तथा भ्रष्टाचार मुक्त प्रशासन जस्ता असल शासनका आधारभतू मान्यतालाई आत्मसात गर्दै कार्य गर्ने संस्कृति अवलम्बन गरिने छ ।

(४) नगरपालिकामा सुशासन कायम गर्न गराउन समितिले विशेष पहल गर्ने छ र स्थानीय सरकारबाट कृषि कार्यक्रममा सुशासनको प्रत्याभुति दिलाउन असल शासनका निम्न मुल्य मान्यताको अबलम्बन गरिने छः

(क) स्थानीय कृषि कार्यक्रममा सम्बद्ध सबै कर्मचारी र संघ,संस्था नगरपालिका प्रति उत्तरदायी भई कार्य गर्ने छन र तोकिएको जिम्मवारी तोकिएको समयमा सम्पादन गरी जवाफदेही प्रशासन संचालन गरिने छ ।

(ख) नगरपालिकामा र कृषि समिति बीच कार्य जिम्मेवारीको बाडफाटँ गरी जिम्मेवार बनाउने छ ।

(ग) महाशाखा, शाखा, उपशाखा र इकाई कार्यालयले आफ्नो मातहतका कर्मचारीको कार्य विवरण तयार गरी तदनुसार जिम्मवारी किटान गरिने छ।

(घ) प्रमुख प्रशासकीय अधिकृत र कृषि सम्वद्ध सबै शाखा, महाशाखा प्रमुख बीचमा कार्य सम्पादन करार गरिने छ र उक्त करारको संस्थागत रुपमा नियमित समीक्षा गर्ने गराउने व्यवस्था मिलाइने छ ।

(ङ) कृषि सम्बद्ध सबै महाशाखा, शाखा वा कार्यालयले आफ्नो शाखा वा महाशाखाबाट उपलब्ध गराइने सेवा, सुविधालाई निर्दिष्ट ढाँचामा नागरिक बडापत्रमा प्रकाशित गरी राख्ने व्यवस्था गरिने छ ।

(च) निश्चित रकम भन्दा माथिको विकास निर्माण कार्यमा सबै विवरण देखिने गरी योजना स्थल र सार्वजनिक स्थानमा सुचना पाटीको (होर्डिग बोर्डको) व्यवस्था गरिने छ ।

(छ) नागरिकको गुनासो सुन्ने र सम्वोधन गर्ने संस्थागत संयन्त्र स्थापित गरी क्रियाशिल गराइने छ ।

(ज) सुशासनका औजार जस्तै सार्वजनिक र सामाजिक परीक्षण, नागरिक सनुवाई, नागरिक पृष्ठपोषण प्रतिवेदन छायाँनाथ रारा नगरपालिकाको सार्वजनिक परिक्षण कायविधि ...... अनुसार गर्ने गराउने व्यवस्था मिलाइने छ ।

(झ) नागरिक वा सर्वसाधारणका लागि आफ्नो आयव्ययको विवरण सार्वजनिक गर्ने गराउने र कार्यालयको वेव साइटमा समेत नियमित रुपमा राख्ने व्यवस्था मिलाइने छ ।

(ञ) आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने र बेरुजुलाई समयमा नियमित, असुलउपर गरी फर्छयौट गर्ने गराउने ब्यवस्था गरिने छ

(ट) सार्वजनिक खरीद ऐन, नियमावली बमोजिम खरिद कार्य गर्ने गराइने छ

(ठ) आचार संहिता अनिवार्य रुपमा परिपालना गर्ने गराइने छ

(ड) सुचनाको हक सम्बन्धि ऐनको पालना गरिने र वर्गिकृत बाहेकका सबै सूचना नागरिकको पहुँचमा पुर्याइने छ ।

(ढ) वार्षिक कार्यक्रम र बजेट र चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन आम संचार मार्फत सार्वजनिक गर्ने गराउने र कार्यालयको सुचना पाटी र वेब साइटमा राखिने छ

(ण) निर्णय गर्दा कानून सम्मत प्रक्रिया पुर्याई मात्र अख्तियारवालाले निर्णय लिने छ र निर्णयको वैधताका साथै सार्वजनिक नागरिकको ग्राह्यता समेत प्राप्त गरिने गरी कार्य गरिने छ

(त) विकास निर्माणका कार्यक्रम र योजना तथा सेवा प्रवाहलाई क्रमशः स्वीकृत कार्यतालिका र नागरिक बडापत्रमा तोकिएको समयमा सम्पन्न गर्ने गराइने छ

(थ) भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाइने छ र कुनै पनि भ्रष्टाचार हुन नदिने वातावरण श्रृजना गर्ने गराइने छ

(द) सबै पदाधिकारीले सम्पति विवरण समयमा नै तोकिएको कार्यालयमा पेश गर्ने पद्धति अवलम्वन गरिने छ

(ध) अनुदान वा विउविजन वा सरकारी श्रोत वितरणको कार्यविधि स्वीकृत गराई मात्र वितरणको व्यवस्था गुनासो नआउने गरी गर्ने गराइने छ र सम्भव भएसम्म विपन्न वर्ग र सीमान्त किसानलाई उपलब्ध हुने व्यवस्था गरिने छ।

(न) वित्तीय जोखिम न्यूनिकरणका सबै उपाय अबलम्बन गरिने छ ।

**३३. संशोधन, खारेजी र बचाउः** (१) यो कार्यविधी लागु हुनु अघि नगरपालिका क्षेत्रमा सञ्चालन गरिएका कृषि लक्षित कार्यक्रमहरु यसै कार्यविधि बमोजिम संचालन भएको मानिने छ ।

(२) यस कार्यविधिमा व्यवस्थित प्रावधानहरुको संशोधन गर्नुपर्दा नगरकार्यपालिका बैठकबाट संशोधन गर्न सकिनेछ ।

(३) यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानून बमोजिम कार्यान्वयन गरिनेछ ।

अनुसूची-१

दफा १८ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित

## सम्झौता पत्रको नमुना

छायाँनाथ रारा नगरपालिकाको कार्यालय, गमगढी, मुगु, कर्णाली प्रदेश, र श्री ............................ बीच ......................................संचालनको लागी सम्झौता पत्र

यो सम्झौतापत्र ................ कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र ........................ समुह/सहकारी संस्था ............ वडा नं. ................ टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति .............. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलगन सवीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति २०८.... साल ..... महिना...... गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२. यस सम्झौता बमोजिमको ............कार्यक्रम समबन्धि कारय दोस्रो पक्ष आफैले गर्नु पर्नेछ । दोस्रो पक्ष आफैले नगरी घन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/ईष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न बढीमा तीन किस्ता वा एकमुष्ट रकम रु........ (अक्षरुपी...................) देहाय बमोजिम भुक्तानी गरिने छ ।

४. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बिस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको............भुक्तानी,

५. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पुर्ण बिल भर्पाइ सहित पहिलो किस्ता फछर्यौट गरी जम्मा .................... पहिलो रनिङ्ग बिलको रुपमा भुक्तानी,

६. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ........ तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी,

७. सम्झौता बमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान रु.............. (अक्षरेपी.....................) र दोस्रो पक्षको लागत सहभागिता रु. ............. (अक्षरेपी.....................) व्यहोरिने छ ।

८. दोस्रो पक्षले सम्झौता बमोजिमको ............ कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको श्रोतबाहेक अन्य कुनै सरकारी, गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

९. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

१०. प्रथम पक्षले तोकेको ढाँचा अनुसार कार्यक्रमको वितरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि जस्तो सम्पुर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले पाटी/होर्डिङ बोर्ड ४राख्नु पर्नेछ,

११. दोस्रो पक्षले कार्यक्रम शुरुवात देखि सञ्चालन सम्बन्धि सम्पुर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ ।

१२. प्रथम पक्को कर्मचारी प्रतिनिधिको उपस्थितिमा दोस्रो पक्षले कार्यक्रमको सुरुमा एकपटक र कार्य सम्पन्न भए पछि अन्तिमम, एक पटक सार्वजनिक सुनुवाई अनिवार्य गराउनु पर्नेछ ।

१३. प्रथम पक्ष समक्ष रकम भुक्तानीको निवेदन पेश गर्दा सार्वजनिक सुनुवाई कार्यक्रमको कागजातको कागजपत्र र एक प्रति रंगिन फोटो समेत संलगन राखी पेश गर्नु पर्नेछ ।

१४. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदाँ प्रथम पक्ष समक्ष विल पेश गरेपछि सम्बन्धित दोस्रो पक्षको नाममा बैंक मार्फत भुक्तानी दिनेछ।

१५. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१६. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता बमोजिमको सम्पुर्ण कार्य (डिजाईन र ईष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

१७. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१८. कृषि उत्पादन सामाग्री, बिउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्र बाट मात्र खरिद गर्नु पर्नेछ ।

१९. दोस्रो पक्षले अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम गमेटिने गरी लेख्नु पर्नेछ ।

२०. दुवै पक्ष बिच सम्झौता भएको मिति देखि लागु हुने गरी प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ ।

२१. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐनको नियमानिसार हुनेछ ।

**<u>पहिलो पक्ष</u>**

दस्तखतः

नामः

पदः

सम्पर्क नम्बरः

मितिः

कार्यालयको छाप

**<u>दोस्रो पक्ष</u>**

दस्तखतः

नामः

पदः

सम्पर्क नम्बरः

मितिः

संस्थाको छाप

# अनुसूची-२
## दफा १८ को उपदफा (१) को खण्ड (ख)
## भर्पाई विवरण

| क्र.स. | कृषकको नाम | ठेगाना | लगाईने बाली | उपलब्ध जमिन | आवश्यक बिउ | | | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | धान | मकै | तरकारी | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आज्ञाले

पशुपती शाही

नि.प्रमुख प्रशासकीय अधिकृत